प्रस्तावहरु (२०७८/०५/१०)

प्रस्ताव नं. १ : गत वैठकमा भएका निर्णयहरुको समीक्षा सम्बन्धमा।

प्रस्ताव नं. २ : नदीजन्य पदार्थको उत्खनन् कार्य बन्द गर्ने तथा पुरक सम्झौता रद्ध गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ३ : अध्ययन गराउँने सम्बन्धमा ।

प्रस्ताव नं. ४ : राहत पुनर्स्थापना कोषमा प्राप्त भएको तथा खर्च भएको रकम अनुमोदन सम्बन्धमा।

प्रस्ताव नं. ५ : बडहरे फाँट सिंचाई कुलो निर्माण तथा मर्मतको लागि बजेट व्यवस्था सम्बन्धमा।

प्रस्ताव नं. ६ : पिप्ले भदौरे मोटरबाटोमा खर्च भएको रकम अनुमोदन गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ७ : बाहुनेपाटी स्थित पक्की मोटरेबल पुलको जिप मर्मत गर्नको लागि बजेट व्यवस्था सम्बन्धमा।

प्रस्ताव नं. ८ : झोलुङ्गे पुलको संरक्षणका लागि बजेट व्यवस्था सम्बन्धमा।

प्रस्ताव नं. ९ : पाउँदुरे सिंचाई कुलो मर्मत गर्नका लागि बजेट व्यवस्था सम्बन्धमा।

प्रस्ताव नं. १० : तारजाली उपलब्ध गराउने सम्बन्धमा।

प्रस्ताव नं. ११ : घर संरक्षण सम्बन्धमा।

प्रस्ताव नं. १२ : मेलम्ची सिटी पार्कको तल्लो भेगमा रहेको बस्ती संरक्षणका लागि बजेट व्यवस्था सम्बन्धमा।

प्रस्ताव नं. १३ : लाभग्राही कायम गर्नुपर्ने बाढीपीडित व्यक्तिहरुको सूची पेश गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १४ : घर तथा पहिरो संरक्षण सम्बन्धमा।

प्रस्ताव नं. १५ : ध्यानाकर्शण पत्रको जानकारी सम्बन्धमा।

प्रस्ताव नं. १६ : तरकारी संकलन केन्द्र निर्माणका लागि जग्गा व्यवस्थापन सम्बन्धमा।

प्रस्ताव नं. १७ : कार्यक्रम संचालनको लागि अनुमति प्रदान सम्बन्धमा।

प्रस्ताव नं. १८ : फोहोरमैला व्यवस्थापन गर्नको लागि प्रतिवेदन पेश गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १९ : नवलपुर–ज्यामिरे–लागर्चे सडक मर्मतको लागि बजेट व्यवस्था सम्बन्धमा ।

Scanned with CamScanner

निर्णयहरु

निर्णय नं. १ :

मिति २०७८ साल श्रावण ३१ गतेको कार्यपालिका वैठकबाट भएका निर्णयहरु आजको यस वैठकमा छलफल एवं समीक्षा गरियो ।

निर्णय नं. २

मिति २०७८/०४/३१ गतेको नगर कार्यपालिकाको निर्णयानुसार मेलम्ची र ईन्द्रावती नदीमा मिति २०७८ साल असार १ गते र त्यसपछि आएको बाढीबाट नदीमा थुप्रिएको जोखिमयुक्त नदीजन्य पदार्थ उत्खनन् गरी नदीलाई च्यानलाइजेसन गरी पुरानो धारमा फर्काउनको लागि काठमाडौं महानगरपालिका वडा नं. १० बानेश्वर स्थित तीनपिप्ले निर्माण सेवासंग नदीजन्य पदार्थ उत्खनन् गर्नको लागि पुरक सम्झौता गरिएकोमा जिल्ला प्रशासन कार्यालयको च.नं. ३७१ मिति २०७८/०५/०९ को पत्रबाट नदीजन्य पदार्थ उत्खनन् कार्य रोक्नको लागि लेखि आएको हुँदा अर्को निर्णय नभएसम्मका लागि ईन्द्रावती तथा मेलम्ची नदी क्षेत्रबाट सार्वजनिक संरचना निर्माण बाहेकमा मेशिनरी औजार र साबेल प्रयोग गरी गरिएका ढुङ्गा, गिटी, बालुवा लगायत सबै प्रकारका नदीजन्य पदार्थ उत्खननको कार्य मिति २०७८/०५/१० गते देखि लागु हुने गरी बन्द गर्न र बिपद् पश्चात नदीजन्य पदार्थ उत्खननका लागि तीनपिप्ले निर्माण सेवासंग गरिएको पुरक सम्झौता रद्ध गर्न आवश्यक निर्णयका लागि जलवायु अनुकुलन तथा विपद् व्यवस्थापन समितिबाट सिफारिस भई आएको हुँदा सिफारिस भई आए बमोजिम सबै प्रकारका नदीजन्य पदार्थ उत्खननको कार्य बन्द गरी तीनपिप्ले निर्माण सेवासंग मिति २०७८/०४/३२ गते गरिएको पुरक सम्झौता रद्ध गर्ने र सम्झौताको शर्त नं. ३ बमोजिम तीनपिप्ले तिर्माण सेवाले यस नगरपालिकाको आन्तरिक राजस्व खातामा जम्मा गरेको प्रथम किस्ता बापतको रकम रु. ५०,०४,४५०।– (अक्षरुपी पचास लाख चार हजार चार सय पचास रुपैयाँ मात्र) आ.व. २०७८/०७९ मा मेलम्ची तथा ईन्द्रावती नदीमा ठेक्का सकार गर्ने तीनपिप्ले निर्माण सेवासंग मिति २०७८/०४/०१ गते गरिएको सम्झौता बमोजिम तिर्नुपर्ने रकममा घटाई किस्ता मिलान गर्ने प्रयोजनार्थ नगरपालिकाको विभाज्य कोषमा रकमान्तर गर्ने निर्णय गरियो । साथै हाल मेलम्ची र ईन्द्रावती नदी क्षेत्रमा नदीको बहाबलाई पुरानो धारबाट लैजानको लागि नगरपालिकाबाट प्रयोग गरिएका स्काभेटर लगायतका मेशिनरी औजारहरु समेत नदीमा प्रवेश नगराउने निर्णय गरियो।

निर्णय नं. ३

मिति २०७८ साल असार १ गते र त्यसपछि मेलम्ची र ईन्द्रावती नदीमा आएको बाढीबाट नदी किनारमा रहेका बस्ती, सडक, भौतिक संरचना र खेतीयोग्य जग्गा जमिनहरु समेत कटान गरी पूर्ण रुपमा क्षति पुर्याएको र अझै पनि बाढीपहिरोबाट उच्च जोखिम उत्पन्न हुन सक्ने भएकोले विज्ञ समूहबाट यस क्षेत्रमा आएको बाढी र नदीको सेट ब्याक पुनरावलोकन गर्ने सम्बन्धमा ToR बमोजिम पुन:अध्ययन गराउन जलवायु अनुकुलन तथा विपद्

Scanned with CamScanner

व्यवस्थापन समितिबाट सिफारिस भई आएको हुँदा सिफारिस भई आए बमोजिम बाढीको अध्ययन , नदीको सेट ब्याक पुनरावलोकन, नदी नियन्त्रण, बस्ती व्यवस्थापन तथा पुनर्निर्माण र पुनर्स्थापना सम्बन्धी सभाव्यता अध्ययन गरी योजना तयार गर्न मेलम्ची विपद् व्यवस्थापन कार्यदललाई परिचालन गरी अध्ययन गराउने निर्णय गरियो।

निर्णय नं. ४

मिति २०७८ साल असार १ गते र त्यसपछि मेलम्ची र ईन्द्रावती नदीमा आएको बाढीको क्षति न्यूनिकरण र उद्धारमा खर्च भएको देहाय बमोजिमको खर्च रकम मेलम्ची बाढीपीडित राहत पुर्स्थापना कोषबाट खर्च हुने गरी खर्च अनुमोदन गर्न जलवायु अनुकुलन तथा विपद् व्यवस्थापन समितिबाट सिफारिस भई आएको हुँदा सिफारिस भई आए बमोजिम खर्च अनुमोदन गर्ने निर्णय गरियो। साथै विभिन्न दाताहरुबाट मिति २०७८ साल भाद्र ९ गतेसम्म बाढीपीडित राहत पुनर्स्थापना कोषमा जम्मा गरिएको रकम रु. ५ करोड २३ लाख ३३ हजार १ सय २२ रुपैयाँ पैसा ४ मात्र संकलन भएको वैठक समक्ष जानकारी गराइयो। राहत रकम जम्मा गर्न प्रतिबद्धता व्यक्त गरेका तर हालसम्म रकम जम्मा नगरेका व्यक्ति तथा संस्थाहरुलाई राहत रकम जम्मा गर्न पत्राचार गर्ने निर्णय गरियो।

Scanned with CamScanner

तपसिल

क्र.सं.	खर्च विवरण	खर्च रकम रु.	कैफियत
१	ढुड्गा खरिद	३३६०००।–	
२	ढड्गा ढुवानी राजस्व (कर)	३४२०००।–	
३	ट्रक/ट्रिपर ढुवानी खर्च	३३६०००।–	
४	मेशिनरी औजार प्रयोग खर्च	४२३०८६५	
जम्मा		५२,४४,८६५।–	

Scanned with CamScanner

निर्णय नं. ५

मेलम्ची नगरपालिका वडा नं. १० बडहरे वडा कार्यालय सडक निर्माण गर्ने क्रममा बडहरे स्थित सिंचाई कुलो भत्किएर कुलो मर्मत गर्नको लागि निवेदन पेश भएको हुँदा उक्त बडहरे फाँट सिंचाई कुलो निर्माण तथा मर्मत गर्नको लागि विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी प्राविधिक लागत इष्टिमेट बमोजिमको रकम रु. २,००,०००।– विनियोजन गर्न जलवायु अनुकुलन तथा विपद् व्यवस्थापन समितिबाट सिफारिस भई आएको हुँदा सिफारिस भई आए बमोजिम बजेट विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. ६

मेलम्ची नगरपालिका वडा नं. ४ र ५ स्थित पिप्ले भदौरे मोटर बाटो मर्मत कार्यमा खर्च भएको रकम रु. १,३४,०००।– (अक्षरुपी एक लाख चौंतिस हजार रुपैयाँ मात्र) विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी अनुमोदन गर्न जलवायु अनुकुलन तथा विपद् व्यवस्थापन समितिबाट सिफारिस भई आएको हुँदा सिफारिस भई आए बमोजिम खर्च अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ७

मेलम्ची नगरपालिका वडा नं. १२ स्थित बाहुनेपाटी मोटररेवल पुलको बजार खण्डको जिप मिति २०७८ साल असार १ गते त्यसपछि आएको बाढीबाट क्षति पुगेको हुँदा उक्त पुलको दायाँ किनारामा ढुङ्गा माटो भरी मोटर पुल संरक्षण गरी यातायात सुचारु गर्नको लागि मध्य पहाडी लोकमार्ग तथा सडक विभागसंगको समन्वयमा मेलम्ची बाढीपीडित राहत पुनर्स्थापना कोषबाट खर्च हुने गरी प्राविधिक लागत इष्टिमेट बमोजिम रु. २,९८,११५।५० (अक्षरुपी दुई लाख अन्ठानब्बे हजार एक सय पन्ध्र रुपैयाँ पैसा पचास मात्र) बजेट व्यवस्था गर्न जलवायु अनुकुलन तथा विपद् व्यवस्थापन समितिबाट सिफारिस भई आएको हुँदा सिफारिस भई आए बमोजिम बजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

मेलम्ची नगरपालिका वडा नं. ११ दोभान र मेलम्ची नगरपालिका वडा नं. १० रामपुर जोड्ने झोलुङ्गे पुल उच्च जोखिममा रहेको र उक्त पुलमा तारजाली लगाई संरक्षण गरी यात्रुहरुलाई सहज आवतजावत गर्न आवश्यक देखिएकोले उक्त पुल संरक्षण गर्नको लागि मेलम्ची बाढीपीडित राहत पुनर्स्थापना कोषबाट खर्च हुने गरी प्राविधिक लागत इष्टिमेट बमोजिम रु. ४,७०,५६०।– (अक्षरुपी चार लाख सत्तरी हजार पाँच सय साठी मात्र) बजेट व्यवस्था गर्न जलवायु अनुकुलन तथा विपद् व्यवस्थापन समितिबाट सिफारिस भई आएको हुँदा सिफारिस भई आए बमोजिम बजेट विनियोजन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. ९

मेलम्ची नगरपालिका वडा नं. १० स्थित चौतारा नवलपुर सडक खण्डको सहरे खोलामा सडक चौडा गर्दा सहरेखोला मुहान पाउँदुरे सिंचाई कुलो भत्किएको हुँदा उक्त कुलो निर्माण तथा मर्मत गर्नको लागि विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी रु. १,२५,०००।– बजेट व्यवस्था गर्न जलवायु अनुकुलन तथा विपद् व्यवस्थापन समितिबाट सिफारिस भई आएको हुँदा सिफारिस भई आए बमोजिम बजेट विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. १०

मेलम्ची नगरपालिका वडा नं. ११ स्थित कठेरीमा नदी किनारामा रहेको बस्ती संरक्षण गर्नको लागि २० थान तारजाली माग भएको हुँदा उक्त बस्ती संरक्षणका लागि माग बमोजिम २० थान तारजाली उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ११

मेलम्ची नगरपालिका वडा नं. ११ स्थायी निवासी माधव चालिसेको घर संरक्षणका लागि विपद् व्यवस्थापन समितिबाट गरिएको पूर्व निर्णयानुसार गर्ने निर्णय गरियो।

निर्णय नं. १२

मेलम्ची नगरपालिका वडा नं. १० स्थित मेलम्ची सिटी पार्कको तल्लो भेगमा ईन्द्रावती नदीले बस्ती कटान गरी संरक्षण गर्नको लागि निवेदन पेश भएको हुँदा उक्त बस्ती संरक्षण गर्नको लागि बाढीपीडित राहत पुनर्स्थापना कोषबाट खर्च हुने गरी प्राविधिक लागत इष्टिमेट अनुसार रु. ३,७४,५०२।– (अक्षरुपी तीन लाख चौहत्तर हजार पाँच सय दुई रुपैयाँ मात्र) बजेट व्यवस्था गर्न जलवायु अनुकुलन तथा विपद् व्यवस्थापन समितिबाट सिफारिस भई आएको हुँदा सिफारिस भई आए बमोजिम बजेट व्यवस्था गर्ने निर्णय गरियो।

निर्णय नं. १३

मेलम्ची र ईन्द्रावती नदीमा मिति २०७८ साल श्रावण १६ गते र त्यसपछि आएको बाढीबाट घर क्षति भई लाभग्राही कायम गर्नुपर्ने व्यक्तिहरुको सूची अनुसूची फाराम भरी जिल्ला विपद् व्यवस्थापन समितिमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. १४

मिति २०७८/०५/०२ गते राती परेको अविरल वर्षाको कारण मेलम्ची नगरपालिका वडा नं. ९ स्थायी निवासी श्री रुद्र बहादुर खड्का र शिवराम खड्काको घर मुनी ठूलो पहिरो गई उच्च जोखिममा परेकोले उक्त पहिरो नियन्त्रण गरी घर संरक्षणका लागि निवेदन पेश भएको हुँदा उक्त पहिरो तथा घर संरक्षणका लागि विपद् व्यवस्थापन समितिबाट गरिएको पूर्व निर्णयानुसार गर्ने निर्णय गरियो।

Scanned with CamScanner

निर्णय नं. १५

मेलम्ची नगरपालिका वडा नं. १३, फटकशिलाका जनप्रतिनिधि, राजनैतिक दल र अन्य स्थानीय व्यक्तिहरुबाट मिति २०७८/०५/०३ गते नगर प्रमुखज्यूलाई सम्बोधन गरी यस कार्यालयमा पेश गरिएको ध्यानाक्रशण–पत्र यस कार्यपालिका वैठक समक्ष जानकारी गराइयो।

निर्णय नं. १६

मेलम्ची नगरपालिका वडा नं. ९, ज्यामिरे स्थित ज्यामिरे साना किसान कृषि सहकारी संस्था लि. ले तरकारी संकलन केन्द्र निर्माणको लागि सहयोग माग गरेको सन्दर्भमा उक्त स्थानमा तरकारी संकलन केन्द्र निर्माण गर्नको लागि मिति २०७८ साल भाद्र मसान्त भित्र जग्गा व्यवस्थापन गर्न निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. १७

YOUTH INNOVATION LAB द्धारा यस नगरपालिकामा विपद् जोखिम न्यूनिकरण युवा नेतृत्व फेलोशिप कार्यक्रम संचालन गर्नको लागि अनुमति माग गरेको हुँदा नगरपालिकासंग प्रत्यक्ष समन्वय गरी कार्यक्रम संचालन गर्नको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. १८

मेलम्ची र इन्द्रावती नदीमा मिति २०७८ साल असार १ गते र त्यसपछि आएको बाढीबाट मेलम्ची नगरपालिका वडा नं. ११ स्थित धितालबेंसीमा निर्माण भएको फोहोरमैला व्यवस्थापन केन्द्र पूर्ण रुपमा क्षति भई हाल मेलम्ची बजारमा उत्पादन/संकलन भएको फोहोरमैला व्यवस्थापन गर्न कठिनाई भएको हँदा उक्त फोहोरमैला व्यवस्थानको लागि स्थान पहिचान तथा फोहोरमैला व्यवस्थापन गर्ने सम्बन्धमा ३ (तीन) दिन भित्र प्रतिवेदन पेश गर्न फोहोरमैला व्यवस्थापन समितिलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. १९

मेलम्ची नगरपालिका भित्रको नवलपुर–ज्यामिरे–लागर्चे सडक मर्मतको लागि प्राविधिक लागत इष्टिमेट बमोजिमको रकम रु. ७,८४,७७९।४८ (अक्षरुपी सात लाख चौरासी हजार सात सय उनान्असी रुपैयाँ पैसा अठचालिस मात्र) विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी बजेट व्यवस्था गर्ने निर्णय गरियो।

२०७८/५/१०

Scanned with CamScanner